प्रकाशनः 2026 साल 6 महिना/समर अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

**नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?**

वडा कार्यालयबाट चिठीपत्र आएको छ के गर्दा होला ?
माइनम्बर कार्ड बनाउन चाहन्छु !
निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ छ ?
बच्चालाई जापानी स्कुलमा पठाउन चाहन्छु ? आदि



## नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय** कार्यालय खुल्ने दिन बिहान 10 बजेदेखि 12 बजेसम्म, दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा

**डेस्क परामर्श** नाकानो वडा कार्यालयको 4 तला

**टेलिफोन परामर्श** 03-3228-8929 (सीधा सम्पर्क)

**भाषा** अंग्रेजी, चिनियाँ, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्याबलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

## 【विशेष परामर्श कार्यक्रम】 प्रशासनिक वकिलसँग परामर्श गर्न सक्नुहुनेछ ।

निवास अनुमति (भिषा) तथा जापानी नागरिकतासँग सम्बन्धित विषयमा प्रशासनिक वकिलसँग परामर्श लिन सकिन्छ ।

**समय** 7 महिना 23 (विही), 9 महिना 3 (विही), 9 महिना 17 (विही) 13 बजेदेखि 16 बजेसम्म

**स्थान** नाकानो वडा कार्यालयको 2 तला

## 【जापानी संस्कृतिको परिचय】

## चाडपर्व र मिकोशी



जापानको विभिन्न ठाउँहरूमा विभिन्न खालका चाडपर्वहरू मनाइन्छन् । पर्यटकहरूलाई आकर्षित गर्ने प्रसिद्ध चाडपर्वदेखि साना टोल-छिमेकमा आयोजना हुने चाडपर्वहरू धेरै प्रकारका हुन्छन् ।

चाडपर्वको समयमा धेरै मानिसहरू मिलेर "मिकोशी" बोकेर टोल-टोलमा घुम्छन् । मिकोशीलाई देवताको सवारी साधनको रूपमा हेरिन्छ । मिकोशी बोक्ने मानिसहरूले "ह्याप्पी" वा "हान्तेन" भनिने विशेष खालको पोशाक लगाउँछन् । टाउकोमा "हाचिमाकी" बाँध्छन् । सबैले एकै स्वरमा "सोइया", "सोइया" अथवा "वास्सोइ" जस्ता सामुहिक आवाज एकैसाथ निकाल्दै मिकोशीलाई हल्लाउँदै बोकेर हिड्छन् ।

मिकोशी बोक्ने मानिसहरू क्षेत्र र चाडपर्व अनुसार फरक-फरक हुन्छन् । कतिपय ठाउँमा परम्परादेखि नै त्यही क्षेत्रमा बसोबास गर्ने स्थानीयहरूले मात्र बोक्न पाउँछन भने कतिपय ठाउँमा खुल्ला रूपमा सहभागी खोजिने हुनाले जो कोहीले पनि भाग लिने अवसर पाउँछन् । यदि तपाईंलाई पनि मिकोशी बोक्ने इच्छा भयो भने पोस्टर अथवा चाडपर्वको सूचनामा लेखिएको फोन नम्बरमा सम्पर्क गरेर सोधपुछ गरी जानकारी लिन सक्नुहुन्छ ।

「स्वतन्त्र प्रशासनिक निगम जापान फाउण्डेसन जापानी भाषा अन्तर्राष्ट्रिय प्रतिष्ठान」

## जापानी भाषा पढ्न चाहने व्यक्तिहरू

### 『 इरोदोरी-जीवनशैलीसँग सम्बन्धित जापानी भाषा 』




यो जापानमा बसोबास र काम गर्दा आवश्यक पर्ने आधारभूत जापानी भाषाको कुराकानी गर्ने क्षमता विकासको लागि तयार पारिएको शिक्षण सामग्री हो ।

- 20 भन्दा धेरै भाषाहरूमा तयार गरिएको शिक्षण सामग्री उपलब्ध छन् ।
- जापानको दैनिकीसँग सम्बन्धित अति आवश्यक विविध विषयहरू यसमा समेटिएका छन् ।
- वेबसाइटबाट निःशुल्क डाउनलोड गर्न सकिन्छ ।
- अनलाइनमा इच्छा लागेको समयमा पढ्न सकिन्छ ।

निःशुल्क डाउनलोड ▶

## विदेशी विद्यार्थीका लागि उच्च शिक्षा प्रवेश सम्बन्धी जानकारी सेमिनार

### JASSO द्वारा आयोजित, आर्थिक वर्ष 2026

विश्वविद्यालय, जुनियर कलेज, उच्च प्राविधिक विद्यालय तथा विशेषज्ञ विद्यालय सम्बन्धी व्यक्तिगत परामर्श, साथै भविष्यको अध्ययन मार्ग, बसोबास/भिसा स्थिति, जापान अध्ययन परीक्षा (EJU) र TOEFL सम्बन्धी परामर्श प्रदान गरिन्छ ।
अध्ययन सम्बन्धी जानकारीका सेमिनारहरू पनि आयोजना गरिने भएकाले अझै आफ्नो भविष्यको मार्गबारे अन्योलमा रहेका व्यक्तिहरू पनि जापानकै सबैभन्दा ठूलो स्तरको यस जानकारीमूलक कार्यक्रममा अवश्य सहभागी हुनुहोस्।
(प्रवेश निःशुल्क, अग्रिम दर्ता आवश्यक)

**लक्षित व्यक्ति** जापानी भाषा स्कुलहरूमा भर्ना भएका विदेशी विद्यार्थीहरू आदि ।

**समय** 2026 साल 7 महिना 1 तारिक (बुधबार) 10 बजेदेखि 16 बजेसम्म

**स्थान** तोसिमा कु, हिगाशी इकेबुकुरो सनसाइन सिटी बुङ्का खाइकान प्रदर्शनी हल D

**सम्पर्क** एक्सेस नेकस्टेज कं., लिमिटेड
☎ 03-6734-0756

वेबसाइट ▶

## जापान कानूनी सहायता केन्द्र (होतेरासु)

यो विविध खालका कानूनी समस्याहरू समाधान गर्न सरकारी तवरबाट स्थापित सामुहिक सूचना केन्द्र हो । सम्बन्ध विच्छेद, घरेलु हिंसा, ऋण, ट्राफिक दुर्घटना र रोजगार गुमाएर समस्यामा परेकाहरूले परामर्श गर्न सक्नुहुनेछ । परामर्श निःशुल्क हुन्छ ।

**टेलिफोन सम्पर्कको लागि**

0570-011000(जापानी भाषा・अंग्रेजी)
0570-078377(अन्य भाषा)
अफिस खुल्ने दिन 9 बजेदेखि 17 बजेसम्म (शनि, आइत, सार्वजनिक विदा र वर्षको अन्त्य तथा नयाँ वर्षको विदा)

**प्रत्यक्ष परामर्शको लागि**

टोकियो-तो, सिन्ज्यूकु-कु, योचुया 1-6-1 योचुया टावर 13 तला
(बुकिङ गरेकाहरूलाई प्राथमिकता दिइन्छ । माथिको टेलिफोनमा सम्पर्क गरेर बुकिङ गर्नुहोस् ।)
विहान 9 बजेदेखि 17 बजेसम्म (शनि, आइत, सार्वजनिक विदा, वर्षको अन्त्य तथा नयाँ वर्षको विदामा विदा हुनेछ)



वेबसाइट ▶

## विदेशीका लागि TOKYO चिकित्सा जानकारी साइट

टोकियोमा विदेशी विरामीहरूका लागि तलका चिकित्सा सम्बन्धी जानकारीहरू अंग्रेजी, चिनियाँ, कोरियन र जापानी भाषामा हेर्न सकिन्छ ।

- आपतकालीन उपचार
- चिकित्सा संस्था (अस्पताल/क्लिनिक) खोज्ने तरिका
- चिकित्सा संस्थामा सेवा लिने तरिका
- समस्या परेमा परामर्श गर्ने ठाउँ
- अन्य उपयोगी जानकारी



वेबसाइट ▶


प्रकाशक：नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
विदेशी परामर्श काउन्टर 03(3228)8929 (सीधा सम्पर्क)
〒164-8501 नाकानो कु, नाकानो 4-11-19 नाकानो वडा कार्यालयको 4 तला
वर्षमा 4 पटक (6 महिना, 9 महिना, 12 महिना, 3 महिना) जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।